पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्वास्थ्य महाशाखा
न्युरोड,कास्की

प.स.-
च.नं._ ६६३२

फोन नं.: ०६१-५३२३०१

मिति :२०८०/१/४

# स्वास्थ्य अनुसन्धान प्रस्ताव आह्वानको सूचना

पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय स्वास्थ्य महाशाखाको स्वीकृत वार्षिक कार्यक्रम, बजेट, एवम् कार्यविधि अनुसार, स्वास्थ्यका प्राथमिकता प्राप्त क्षेत्रहरुमा अनुसन्धान गर्नकालागि अनुसन्धान प्रस्ताव आह्वान गरिएको व्यहोरा सम्बिन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासन गरिएको छ ।

**अनुसन्धानका सर्तनामाहरु**

१. अनुसन्धान प्रस्ताव सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र पोखरा महानगरपालिका स्वास्थ्य महाशाखामा कार्यालय समयमा (हार्ड र सफ्ट कपि) पेश गर्नु पर्नेछ ।

२.अनुसन्धानको कम्तिमा एक क्षेत्र पोखरा महानगरपालिका हुनुपर्नेछ ।

३.अनुसन्धान कार्य आ.व. २०७९/८०असार १५ भित्र सम्पन्न गरि प्रतिवेदन पेश गर्नुपर्नेछ ।

४. प्राप्त प्रस्तावहरु मध्ये कार्यविधि बमोजिम समितिले प्रारम्भिक छनोट गर्नेछ । तोकिएको मितिमा अनुसन्धानकर्ताद्वरा आफै उपस्थित भै अनुसन्धान प्रस्तावको प्रस्तुतीकरण पश्चात प्रस्तावको अन्तिम छनोट गरिनेछ ।

५. न्युनतम स्नातकोत्तर तह अध्यनरत वा उत्तिण विद्यार्थी वा विज्ञहरु यस अनुसन्धान कार्यका लागि योग्य हुनेछन । स्नातकोत्तर तहमा अध्यनरत विद्यार्थीहरुको हकमा सम्बन्धित विषयको प्राध्यापकले आफ्नो प्रत्यक्ष सुपरिवेक्षणमा अनुसन्धान पुरा गराउने प्रतिवद्धता समेत पेश हुनुपर्नेछ ।

६. प्रस्तावसँगै व्यक्तिगत वा सस्थागत निवेदन, नेपाली नागरिकताको प्रमाणपत्र , शैक्षिक योग्यताका प्रमाणपत्रहरू, अनुसन्धानकर्ताको बायोडाटा, र सम्बन्धित विश्वविद्यालय IRC तथा NHRC बाट लिएको सहमतिपत्र पेश गर्नुपर्ने छ।

५. छनोट भएका अनुसन्धान प्रस्ताव हरुलाई अनुसन्धानको प्रकृति हेरी छनोट समितिले तोके बमोजिमको अनुदान रकम उपलब्ध गराइनेछ । सो रकमको भुक्तानी अन्तिम प्रतिवेदन प्राप्त भएपछि मात्र दिइनेछ ।

**प्राथमिकताका क्षेत्रहरु**

1. बाल स्वास्थ्य
2. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा
3. स्वास्थ्य बिमाको
4. नसर्ने रोगको अवस्था
5. सरुवा रोग अन्य किटजन्य रोगहरु
6. खाद्यपदार्थमा प्रयोग भएका विषादी अवस्था र मानब स्वास्थ्यमा त्यसको प्रभाव
7. आँखा, नाक, कान, तथा घाँटी
8. प्रदुषण, स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापन
9. खानेपानी तथा सरसफाई
10. स्वास्थ्य सेवाको गुणस्तर तथा प्रभावकारिता

**अनुसन्धान प्रस्तावको ढांचा**

1. शिर्षक (Title)
2. परिचय/पृष्ठभूमी (Introduction/Background)
3. समस्याको कथन (Statement of the Problem)
4. औचित्य (Rational)
5. अनुसन्धानको प्रश्न/परिकल्पना (Research question/Research hypothesis)
6. अनुशन्धानका उद्देश्यहरू (Objectives)
7. सैद्धान्तिक ढाँचा / दृष्टिकोण (Theoretical/ Conceptual Framework)
8. साहित्य समिक्षा (Literature review)
9. अनुसन्धान विधि (Research Methodology )
10. आशातित प्रतिफलहरू (Expected Outcomes)
11. नैतिक समस्या /मुद्दा (Ethical Issues )
12. समय सिमा (Timeline)
13. अनुमानित लागत ( Estimated Budget )
14. सन्दर्भ सामाग्रीहरू (References)
15. अनुसूचिहरू (Annex)

**नोट** : प्रस्तावना नेपाली वा अंग्रेजी कुनै एक भाषामा हुनुपर्नेछ ।यस अनुसन्धान कार्यको लागि पेश गरिएको प्रस्ताव आर्थिक सहयोगको लागि अन्यत्र संस्थामा पेश नगरेको हुनुपर्नेछ । विस्तृत जानकारीको लागि पोखरा महानगरपालिका स्वास्थ्य महाशाखा, सम्पर्क नम्बर ०६१-५४०२७८ , ९८४६०४९९९६ सम्पर्क राख्नुहोला

.............................................
(बीरेन्द्रदेव भारती)
प्रमुख प्रशासकीय अधिकृत,

प्रमुख प्रशासकीय अधिकृत